# खजुरा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बागेश्वरी, बाँके
५ न प्रदेश, नेपाल

प.स :०७७/७८
च.नः ०१

मितिः २०७७/०४/०२

सम्पुर्ण कृषकहरु,

विषयः सलह किराको जानकारी सम्बन्धमा।

हाल नेपालमा सलह किराको झुण्डहरु प्रवेश गरी सकेको बारे हामी सबै अवगतनै छौं। साथै खजुरा गाँउपालिका वडा नं-४ सहित बाकें जिल्लाको बिभिन्न क्षेत्रमा मिति २०७७/०४/०१ गते सलहको झुण्ड देखा परिसकेकाले हाम्रो खेतबारीमा लगाइएको बालीनाली जोगाउन कृषक महानुभावहरु लगायत सम्पुर्ण कृषकहरुलाई तपसिल बमोजिम साबधानि तथा उपाएहरु अपनाउन हुन अनुरोध गरिन्छ।

तपशिलः

१) सुर्यास्त हुंदा सलहले रुख बिरुवा लगायतका स्थानहरुमा आश्रय लिन्छन् र बिहान सूर्योदय पछि १-२ घण्टा घाम तापेर त्यसपछि सकृयभई नजिकैको कुनैपनि हरियो वस्तु, आहाराको रुपमा खन्छन् तसर्थ उक्त समयमा कृषकहरुले आफ्नो खेतबारी नियमित निरिक्षण गर्ने र गाँउ गाँउ तथा टोल टोलमा सामूहिक रुपमा सलह भगाउने अभियान संचालन गर्ने।

२) हावाको बहावसगैं बहदै जाने सलहकिरालाई सोही दिशामा अगाडी वढ्न दिने अवरोध सिर्जनना नगर्ने।

३) सलह आँउदै गरेको अवस्थामा कुनै पनि माध्यम जस्तै थाल, ड्रम, टिन, मादल, साउण्ड स्पिकर द्वारा आवाज सृजना गरी, धुँवा सृजना गरी बस्न वाधा पुर्याई झुण्डलाई अन्यत्रै मोडिदिने।

४) खेतमा पानि जमाउने

५) धेरै नोक्सान पुर्याउने अवस्था सृजना भएमा कृषि शाखाको प्राबिधिकहरुलाई जानकारी गरी प्राबिधिकहरुले सिफारिस गरेको मालाथियन, क्लोरोपाईरिफस जन्य बिषादीहरु स्प्रेयर गर्ने।

थप जानकारीको लागीः कृषि शाखाको कृषि प्राबिधिकहरु पुनम पोखरेल (९८१६४०४२४०), तारा प्रसाद डाङ्गि (९८६८०८०८३३), अंकित विश्वकर्मा (९८१२४१५७४६)

Punam
पुनम पोखरेल
शाखा प्रमुख (कृषि)

बम बहादुर के.सी.
प्रमुख प्रशासकिय अधिकृत